दैनिक
# लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुर्‍याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू
नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा
पठाउनु परेमा हामीलाई सम्झनुहोस्।
सुपर काइनेटिक
कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन
बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन)
फोन:- ०७१५४२५७१

वर्ष ३६ | अंक २५८ | बुटवल | २०८१ भदौ २८, गते शुक्रबार | नेपाल संवत ११४४ | Friday Sept.13, 2024 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# गौतमबुद्ध विमानस्थललाई हवाइ रूट लिन फेरि पहल

**तत्कालीन प्रधानमन्त्री प्रचण्डको भारत भ्रमणको क्रममा पनि हवाइ रुटको विषयमा छलफल भएको थियो। तर त्यसपछि नेपालको तर्फबाट कुनै कूटनीतिक पहल नै भएन र हालसम्म त्यो एजेण्डा जस्ताको त्यस्तै छ।**

**लुम्बिनी संवाददाता**
*बुटवल*



भैरहवाको गौतमबुद्ध अन्तर्राष्ट्रिय विमानस्थलबाट अन्तर्राष्ट्रिय उडान सहजरुपमा उडानका लागि हवाइ रुट वाधक बनेको सन्दर्भमा सरकारले थप हवाइ रुटका लागि भारतलाई फेरि आग्रह गरेको छ। भारतमा आयोजना गरिएको नागरिक उड्डयन सम्बन्धी दोस्रो एसिया प्रशान्त मन्त्रीस्तरीय सम्मेलनमा सहभागी हुन पुगेका संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री बद्रीप्रसाद पाण्डेले भारत सरकारलाई यस्तो आग्रह गरेका हुन्।

यसअघि तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले पनि भारत भ्रमणका क्रममा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग हवाइ रुट दिन माग गरेका थिए। तर भारतले आनाकानी गरिरहेको छ।

लुम्बिनी र पोखरामा रहेको अन्तर्राष्ट्रिय एयरपोर्टका लागि भारतले थप रुट उपलब्ध नगराएका कारण अन्तर्राष्ट्रिय उडानहरू प्रभावित भएका छन्। हाल दुवै एयरपोर्टबाट अन्तर्राष्ट्रिय उडान सञ्चालन हुन सकेको छैन।

पर्यटनमन्त्री पाण्डेले बिहीबार भारतका नागरिक उड्डयमन्त्री राममनोहर नायडु किन्जरापुसँगको भेटमा थप हवाइ रुट उपलब्ध गराउन आग्रह गरेको भारतस्थित नेपाली दूतावासले जनाएको छ। दूतावासका अनुसार मन्त्री पाण्डेले नेपालका विभिन्न शहरमा भारतबाट सिधा उडानका लागि आग्रह गर्दै थप एयररुट उपलब्ध गराउन आग्रह गरे।

बुधबार भारतका संस्कृति तथा पर्यटनमन्त्री गजेन्द्रसिंह शेखावतसँगको भेटमा र सम्मेलनलाई सम्बोधन गर्ने क्रममा पनि मन्त्री पाण्डेले पोखरा र लुम्बिनी अन्तर्राष्ट्रिय विमानस्थल र भारतीय सहरहरूबिच सिधा हवाई उडानका लागि प्रस्ताव गरेका थिए।

नेपालका लुम्बिनी, पोखराजस्ता सहरमा भारतबाट सिधा उडान तथा थप रुट दिने विषयमा भारतका मन्त्रीहरूले सकारात्मक प्रतिक्रिया जनाएको तर त्यसमा नेपाल सरकारको तर्फबाट पहल हुनुपर्ने नेपाली दूतावासका अधिकारीले बताएको मन्त्री पाण्डेको सचिवालयले जनाएको छ।

दूतावासका एक अधिकारीका अनुसार भारत सकारात्मक मात्र भएर हुँदैन, त्यसमा नेपालले पनि चासो लिइरहनु पर्छ। त्यसका लागि पटक-पटक पहल गरिरहनु पर्छ। त्यसमा नेपाल कमजोर देखिएको छ।

तत्कालीन प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले २०८० जेठ १७ गते गरेको भारत भ्रमणको क्रममा पनि हवाइ रुटको विषयमा छलफल भएको थियो।

भारत थप रुट दिन तयार पनि भएको थियो। दुवै देशका प्रधानमन्त्रीको संयुक्त पत्रकार सम्मेलनमा भारतका प्रधानमन्त्री नरेन्द्र मोदीले पनि थप हवाइ रुट दिन भारत सरकार सकारात्मक रहेको बताएका थिए। भारत भ्रमणबाट फर्केपछि प्रधानमन्त्री प्रचण्डले पनि भारतले थप हवाइ रुट दिने जिकिर गर्दै त्यसमा सहमति नै भइसकेको बताएका थिए।

तर त्यसपछि नेपालको तर्फबाट कुनै कूटनीतिक पहल नै भएन र हालसम्म त्यो एजेण्डा जस्ताको त्यस्तै छ। पर्यटनमन्त्री पाण्डेले भारत भ्रमणका क्रममा यो विषय प्राथमिकता साथ उठाएका हुन्। तर उनी फर्किसकेपछि त्यसतर्फ कति पहल हुन्छ र परिणाम कहिले देखिन्छ भन्ने हेर्न बाँकी छ।

भैरहवास्थित गौतम बुद्ध अन्तर्राष्ट्रिय विमानस्थल अन्तर्राष्ट्रिय सीमा नजिक भएकाले मौसमलगायतका कारणले भारतीय हवाइ क्षेत्रमा जहाजहरू पुग्नसक्ने अवस्था हुन्छ। त्यसलाई सम्बोधन गर्न भारतले प्रतिबद्धता जनाएको तत्कालीन प्रधानमन्त्री प्रचण्डले त्यतिबेला नै पत्रकारहरूलाई जानकारी गराएका थिए।

नेपाल-भारतबिच हुने हरेक उच्चस्तरीय भ्रमणमा हवाइ रुटको विषय उठ्ने गरेको छ। भारतले रुट उपलब्ध गराउने प्रतिबद्धता पनि जनाउँदै आएको छ। तर अवस्थामा केही सुधार भएको छैन।

भैरहवामा उपकरण ल्यान्डिङ सिस्टम (आइएलएस)को विषयलाई लिएर दुई देशका संयुक्त प्राविधिक टोलीको बैठक बस्ने र त्यसले गर्ने सिफारिसका आधारमा निर्णय गर्ने सहमति भएको थियो। तर त्यसमा हालसम्म कुनै छलफल भएको छैन।

२०८० पुसमा भारतीय विदेशमन्त्री एस जयशंकर नेपाल भ्रमणमा आएको बेला हवाइ रुटको विषयमा पुनः चर्चा भएको थियो। उनले परराष्ट्र मन्त्रालयमार्फत् पर्यटन मन्त्रालयसँग हवाइ रुटको बारेमा सुझाव माग गरेका थिए। पर्यटन मन्त्रालयले त्यसको जवाफ पनि पठाएको थियो। त्यसपछि हालसम्म भारतबाट कुनै प्रतिक्रिया आएको छैन।

पर्यटन मन्त्रालयका एक अधिकारीका अनुसार महेन्द्रनगरको रुट तथा सीमा निकट उडानको विषयमा सुझावहरू पठाइएको ६ महिनाभन्दा बढी भइसक्यो, तर हालसम्म त्यसको कुनै प्रतिक्रिया आएको छैन।

» बाँकी ३ पेजमा

## भाकपा नेता येचुरीको निधन



बुटवल। भारतीय कम्युनिस्ट पार्टी (मार्क्सवादी) का महासचिव सीताराम येचुरीको ७२ वर्षको उमेरमा निधन भएको छ।

उनी करिब दुई सातादेखि दिल्लीको अल इन्डिया इन्स्टिच्युट अफ मेडिकल साइन्सेस (एम्स) मा श्वासप्रश्वास नलीको संक्रमणको उपचार गराइरहेका थिए।

निमोनियाजस्तो छातीमा संक्रमण भएपछि उनलाई भदौ १९ गते अस्पताल भर्ना गरिएको थियो।

उनको निधन भारतीय समयअनुसार, दिउँसो ३.०५ बजे भएको सञ्चार माध्यमहरूले जनाएका छन्।

येचुरी अगस्ट २९ सम्म सामाजिक सञ्जालमा सक्रिय थिए।

येचुरी सन् १९९२ देखि सीपीएमको पोलिटब्यूरोको सदस्य थिए। यसअघि, उनी सन् २००५ देखि २०१७ सम्म पश्चिम बंगालबाट राज्यसभाको सांसद थिए।

## कामलाई तीब्रता दिन प्रधानमन्त्रीको निर्देशन

बुटवल। प्रधानमन्त्री केपी शर्मा ओलीले सरकारलाई विश्राम गर्ने सुविधा नरहेको भन्दै तीब्रताका साथ सरकारका काम कारबाही अघि बढाउन मन्त्रीहरुलाई निर्देशन दिएका छन्।

बिहीबार सिंहदरबारमा उपप्रधानमन्त्री तथा मन्त्रीहरुसँग कार्यसम्पादन सम्झौता गर्दै उनले मन्त्रीहरुलाई विश्राम गर्ने, अलमल गर्ने, ढिलो गर्ने छुट नरहेको बताए। प्रधानमन्त्री ओलीले अब कार्यक्षेत्रमा थप योजना र थप सक्रियताका साथ अघि बढ्नुपर्ने जिकिर गरे। उनले मन्त्रालयबिच एक अर्कालाई सहयोग गर्ने भावना हुन जरुरी रहेको बताए।

ओलीले ढिलो गर्ने सुविधा पनि छैन, अलमल गर्ने सुविधा पनि छैन भन्दै अत्यन्तै तीब्र गतिले काम अघि बढाउनुपर्ने बताए। काममा योजनाबद्धता, पारस्परिक सहयोग, एउटा र अर्को मन्त्रालयबिचको समन्वयमा डुब्लिकेसन नगरी जिम्मेवारीलाई पनि स्पष्टताका साथ कार्य सम्पादन गर्न निर्देशन दिए।

प्रधानमन्त्री ओलीले मन्त्रीहरुलाई आ-आफ्नो मन्त्रालयका समस्या पहिचान गरी समाधान गर्न पनि निर्देशन दिए।

प्रधानमन्त्रीसँग मन्त्रीहरुले कार्यसम्पादन सम्झौता गरेपछि मन्त्रीहरुले सम्बन्धित सचिवहरुसँग कार्यसम्पादन सम्झौता गर्ने योजना रहेको छ। लक्षित उपलब्धि समयमा हासिल गर्न र सेवा प्रवाहमा चुस्तता ल्याउन तथा अनुगमन र मूल्यांकन गर्न यस प्रकारको सम्झौताको पद्धति प्रधानमन्त्री ओलीको विगतको कार्यकालमा आरम्भ भएको थियो। नेपाल बाहिर रहेका कारण अनुपस्थित संस्कृति, पर्यटन तथा नागरिक उडड्यनमन्त्री, वन तथा वातावरण र कानुन, न्याय तथा संसदीय मामिलामन्त्रीसँगको कार्यसम्पादन सम्झौतामा पछि सम्पन्न हुनेछ।

## पारित भयो स्थानीय सेवाको गठनसम्बन्धी विधेयक

दाङ। लुम्बिनी प्रदेशसभाले स्थानीय सेवाको गठन, सञ्चालन र सेवाका शर्त सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक पारित गरेको छ। लुम्बिनी प्रदेशसभाको चौथो अधिवेशनको ३०औं बैठकले सर्वसम्मतरुपमा विधेयक पारित गरेको हो।

मुख्यमन्त्री चेतनारायण आचार्यको तर्फबाट भौतिक पूर्वाधार विकास मन्त्री भूमिश्वर ढकालले स्थानीय सेवाको गठनसम्बन्धी विधेयकमाथि छलफल र पारित गरियोस् भन्ने प्रस्ताव पेश गरेका थिए। सभामुख तुलाराम घर्तीमगरले सो प्रस्तावलाई निर्णयार्थ प्रस्तुत गर्दै सर्वसम्मतरुपमा पारित भएको घोषणा गरे।

प्रदेशसभामा बैशाख ३० गते दर्ता भएको विधेयकलाई दफावार छलफलका लागि समितिमा पठाइएको थियो। समितिले दुई पटक प्रतिवेदनसहितको विधेयक सभामा पेश गरेको थियो। विधेयकमा कर्मचारी परिचालनको विषयहरु समावेश गर्न माग राख्दै कर्मचारीहरुले सांसदमार्फत् ध्यानाकर्षण गराएका थिए।

स्थानीय तहका कर्मचारीलाई प्रदेशभित्रका कुनै स्थानीय तहमा मन्त्रालयले सरुवा गर्न सक्ने, स्थानीय तहका कर्मचारी सरुवा भई जाँदा दुवै पालिकाको अनुमति नचाहिने व्यवस्था राखिएको छ।

हाल अन्तरपालिका सरुवा हुन खोज्दा दुवै पालिकाको अनुमति चाहिने प्रावधान छ।

प्रमुख प्रशासकीय अधिकृतले दैनिक रूपमा आफूले गरेको कार्य सम्पादनको विवरण अध्यक्ष वा मेयरलाई पेश गर्नुपर्ने, स्थानीय तहअन्तर्गतका कर्मचारीको दैनिक कार्य सम्पादनको विवरण कार्यालयमा पेश गर्नुपर्ने, गर्भवती महिलालाई उल्लेखित बिदा अपुग भएमा विज्ञ चिकित्सकको सिफारिसमा ६ महिनासम्म बिदा पाउने अधिकार हुने, प्रसूति बिदा पाएका कर्मचारीलाई शिशु स्याहारको लागि शिशु स्याहार खर्च दिइने, कल्याणकारी कोष तथा पुरस्कारको व्यवस्था गर्ने प्रावधान समावेश छ।

करारका कर्मचारीले स्थानीय सेवाको कर्मचारीले पाए सरह बिदा पाउनेलगायतका विषयलाई राखिएको छ।

## लुम्बिनी विकास कोषका तत्कालीन योजना प्रमुख भट्टराईविरुद्ध सम्पत्ति शुद्धिकरणको मुद्दा



बुटवल। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले लुम्बिनी विकास कोषका तत्कालीन योजना प्रमुख सरोज भट्टराईसहित दुई जनाविरुद्ध सम्पत्ति शुद्धीकरणअन्तर्गतको कसुरमा मुद्दा दायर गरेको छ।

अख्तियारले पहिलोपटक सम्पत्ति शुद्धीकरण अन्तर्गतको कसुरमा मुद्दा दायर गरेको हो।

कोषका तत्कालीन योजना प्रमुख भट्टराई र उनकी आमा जनकनन्दनी भट्टराईविरुद्ध बिहीबार काठमाडौं जिल्ला अदालतमा सम्पत्ति शुद्धीकरणसम्बन्धी मुद्दा दायर गरिएको हो।

भट्टराईले जग्गाबापत घुस लिएको अख्तियारले जारी गरेको विज्ञप्तिमा उल्लेख छ। उनले भक्तपुरको गुण्डुस्थित कित्ता नम्बर १३७४, क्षेत्रफल २-९-०-१ र कित्ता नम्बर १३७५, क्षेत्रफल ०-२-१-० को जग्गा खरिद गर्दा लुम्बिनी विकास कोषमा कार्य गरिरहेका निर्माण कम्पनीहरूबाट बीचका अन्य व्यक्ति प्रयोग गरी जग्गा बिक्रेतालाई रकम भुक्तानी गरेको पाइएको थियो।

अख्तियारले निकालेको विज्ञप्तिमा भनिएको छ-'बाबुल निर्माण सेवाले एकल तथा जेभीमा बोलपत्र प्रस्ताव गरी ठेक्का सम्झौता गरेका आर्थिक वर्ष २०७५/०७६ भन्दा पछि ५ करोड वा सोभन्दा बढी सम्झौता रकमका ठेक्कामा जम्मा सम्झौता रकम १ अर्ब ३७ करोड २५ लाख ९७ हजारको र आर्थिक वर्ष २०७५/०७६ भन्दा अघिका ठेक्कामा जम्मा सम्झौता रकम ९९ करोड २५ लाख २ हजार ४४ रुपैयाँको ठेक्कामा उनै भट्टराई मूल्याङ्कन समितिको संयोजक थिए।'

उक्त ठेक्काको मूल्यांकन समितिमा संयोजक र योजना प्रमुखसमेत रही भट्टराईले बाबुल निर्माण सेवालाई एकल तथा जेभीमा ठेक्का सम्झौता गर्न सहजीकरण तथा ठेक्का मिलाइदिँदा ८० लाख रुपैयाँ घुस लिएको अख्तियारले जनाएको छ।

भट्टराईले घुसबापत लिएको रकमबाट भक्तपुरको साविक गुण्डु गाविस वडा नम्बर ३ (हालको सूर्यविनायक नगरपालिका वडा नम्बर ७) स्थित कित्ता नम्बर १३७४ र १३७५ को जग्गा आमा जनकनन्दनीका नाममा खरिद गरेको पाइएको थियो।

अख्तियार प्रवक्ता नरहरि घिमिरेका अनुसार, कुल १ करोड ८५ लाख रुपैयाँको सम्पत्तिको गैरकानूनी स्रोत (इलिसिट अरिजिन) लुकाउने छल्ने उद्देश्यले काम गरेको भन्दै अख्तियारले सम्पत्ति शुद्धीकरणअन्तर्गतको कसुरमा भट्टराई र उनकी आमाविरुद्ध मुद्दा दायर गरेको हो।

अख्तियारले सम्पत्ति शुद्धीकरणसँगै भट्टराई र उनकी आमा जनकनन्दनीविरुद्ध विशेष अदालतमा भ्रष्टाचार मुद्दासमेत दायर गरेको छ।

## आ.व. ०८१/०८२ को दररेट

राधाकृष्ण ह्यूम पाइप इण्डष्ट्रिज प्रा.लि. गैंडाकोट-१५, नवलपरासी (ब.सु.पू.), गण्डकी प्रदेशले आ.व. २०८१/०८२ मा तपशिल बमोजिमको दररेटमा NP3 ह्यूम पाइप र PSC विद्युतपोल दिन सक्ने सूचना प्रकाशित गरिएको छ। यस दररेटमा मु.अ. कर (VAT) र ढुवानी भाडा नियम अनुसार लाग्ने छ।

| क्र.स. | NP3 ह्यूम पाइप साइज | प्रति R.M. मूल्य रु | प्रतिथान रु | प्रतिथान लम्बाई |
|---|---|---|---|---|
| १ | NP3 ३० cm डाया ह्यूम पाइप | ३५८६।- | ८९६५।- | २.५ मि. |
| २ | NP3 ३० cm डाया ह्यूम पाइप | ४७९९।- | ११९९७।५० | २.५ मि. |
| ३ | NP3 ४५ cm डाया ह्यूम पाइप | ५१४०।- | १२८५०। | २.५ मि. |
| ४ | NP3 ५० cm डाया ह्यूम पाइप | ५७३३।- | १४३३२।५० | २.५ मि. |
| ५ | NP3 ६० cm डाया ह्यूम पाइप | ७०९३।- | १७७३२।५० | २.५ मि. |
| ६ | NP3 ७५ cm डाया ह्यूम पाइप | ९७०२।- | २४२५५।- | २.५ मि. |
| ७ | NP3 ९० cm डाया ह्यूम पाइप | १२८५२।- | ३२१३०।- | २.५ मि. |
| ८ | NP3 १०० cm डाया ह्यूम पाइप | १३८२४।- | ३४५६०। | २.५ मि. |
| ९ | NP3 १२० cm डाया ह्यूम पाइप | १६९२६।- | ४२३१५। | २.५ मि. |
| १० | NP3 १५० cm डाया ह्यूम पाइप | २५९५१।- | ६४८७७।५० | २.५ मि. |

| क्र.स. | PSC विद्युत पोल साइज | प्रतिथान रु |
|---|---|---|
| १ | ८ मिटर लम्बाई (पातलो) | ७५००।- |
| २ | ९ मिटर लम्बाई (पातलो) | ८०००।- |
| ३ | ९ मिटर लम्बाई (मोटो) | १४०००।- |
| ४ | ११ मिटर लम्बाई | १५४००।- |

माथि उल्लेखित मूल्यमा १३ प्रतिशत भ्याट र नियमानुसार ढुवानी अतिरिक्त लाग्नेछ।

प्रो. श्याम बहादुर क्षेत्री मोबाइल नं. ९८४६७९७९९९

राधाकृष्ण ह्युम पाइप इण्डष्ट्रिज प्रा.लि.
गैंडाकोट-१५, अमृतधारा, नवलपरासी(ब.सु.पू.), गण्डकी प्रदेश, नेपाल

## सम्पादकीय

# वन्यजन्तुमैत्री सडकः निर्माण चरणमै निगरानी गर

भौतिक पूर्वाधार निर्माण आधुनिक समाजमा अपरिहार्य छ। धेरै लेनका सडक निर्माण अहिले आवश्यक भइसकेको छ। सुविधाजनक सडक आधुनिक यातायात सञ्जालको महत्वपूर्ण पक्ष हो। नारायणगढ–बुटवल सडक निर्माणाधीन छ। अब बुटवल-गोरुसिंगे सडक निर्माण सुरु गर्ने तयारी छ। यो सडकलाई वन्यजन्तुमैत्री सडक निर्माण गर्नुपर्छ भन्ने दबाबकै कारण वन्यजन्तुमैत्री बनाउन थाल्नु सकारात्मक छ।

सडक मान्छेका लागि हो, तर वन्यजन्तुको आवतजावतलाई असर गर्ने गरी बनाउँदा त्यसले मान्छेको जीवनलाई नै जोखिममा पार्छ। उनीहरु आवतजावत सहजै गर्न नपाएपछि मानवबस्तीमा जानसक्ने जोखिम बढ्छ। आवतजावत गर्ने मार्गमा ठूला सडक बन्दा उनीहरुको हिंड्डुलमा समस्या हुँदा उनीहरुको जीवन नै जोखिममा पर्छ। र, पर्यावरणीय सन्तुलन खल्बलिन्छ। त्यसको असर अन्ततः मानवसहित सबै जीवले भोग्ने हो। यो संवेदनशिलतालाई ख्याल गर्दै पछिल्ला वर्ष पूर्वाधार निर्माण गर्दा वन्यजन्तुमैत्री सडक बनाउनुपर्छ भन्ने आवाज उठेको छ। यो मागलाई जायज ठान्दै वन्यजन्तुको आवतजावतलाई असर नपर्ने गरी सडक पूर्वाधार बनाउन ध्यान दिन थालिएको छ। निर्माण सुरु हुन लागेको बुटवल–गोरुसिंगे सडकलाई वन्यजन्तुमैत्री बनाउने योजना अघि बढ्नु सकारात्मक छ।

सरकारले वन्यजन्तुमैत्री पूर्वाधार निर्माण निर्देशिका, २०७८ ल्याएर कार्यान्वयन गरेको छ। जसअनुसार वन्यजन्तुको आवतजावतलाई सुरक्षित तुल्याई वन्यजन्तु दुर्घटना कम गर्न तथा मानव र वन्यजन्तुबिचको द्वन्द्व न्यूनीकरण गर्न सडक र पुलसँगै वन्यजन्तु ओहोरदोहोर गर्नको लागि बुटवल–गोरुसिंगे सडकमा एउटा ठूलो पुलसहित १९ वटा साना, मझौला क्रसिङ बनाउन लागिएको छ। यो सडक अहिले दुई लेनको छ, अब चारको बन्दैछ। यो सडकखण्डमा मानव बस्तीसँगै ठूलो जंगल क्षेत्र पनि पर्छ। जहाँ वन्यजन्तुको सघन बसोबास छ। यस्तो ठाउँमा पूर्वाधार निर्माण गर्दा वन्यजन्तु सजिलै र स्वतन्त्ररूपमा ओहोरदोहोर गर्नसक्ने पूर्वाधार निर्माण गर्नुपर्ने, वन्यजन्तुको बासस्थान, गतिविधिलगायत अध्ययन गरेर मात्र सडकमा 'अन्डरपास' र 'ओभरपास' बनाउनुपर्ने माग थियो। एक सय किलोमिटर प्रतिघण्टाको गतिमा सवारीसाधन गुड्न सक्ने गरी बनाउन लागिएकोले वन्यजन्तुको ओहोरदोहोरलाई असर नपर्ने गरी काम अघि बढाउनुको विकल्प छैन। यो सडक नेपालकै आधुनिक र पहिलो वन्यजन्तुमैत्री तथा वातावरणमैत्री हुने सरकारी अधिकारीहरुको भनाइ छ।

अब व्यवहारिक कार्यान्वयनको पाटोलाई हेर्नुपर्छ। नारायणगढ–मुग्लिन सडक विस्तार गर्दा बनाइएको अन्डरपास वन्यजन्तु अनुकुल नभएको वन्यजन्तुविद्हरुले बताएका छन्। वन्यजन्तुका लागि बनाइएको अण्डरपास उनीहरुका लागि अनुकुल नहुनुले जिम्मेवार निकायको कामप्रति प्रश्न उठेको छ। बुटवल–गोरुसिंगे सडक विस्तारमा पनि अन्डरपास बनाउने, तर वन्यजन्तु अनुकुल नहुने जोखिम रहेकाले निर्माण चरणमै निगरानी आवश्यक छ।

# कमरेडको देश दौडाहा



विन बहादुर कुँवर

*उनले नेपालभन्दा भारतको हितमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग दलाली र चाकडी गरे। त्यसका लागि मोदीको आर्शीवाद थियो, एमाले ओली गठबन्धन छोडी पुनः कांग्रेसी गठबन्धनमा नै जाउ। प्रचण्ड नेपाल फर्केपछि यसैलाई सिरोपर गरी उनी देउवा निवास पुगे। भारतीय विस्तारवादी गुरुको सन्देश भन्दै फेरि कांग्रेस माओवादी सत्ता गठबन्धन गरौं भने। तर देउवालाई पत्यार लागेन।*

कांग्रेस-एमालेबीचको सत्ता गठबन्धनबाट फ्याकिएका पूर्व प्रधानमन्त्री तथा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड' अहिले देश दौडाहामा छन्। उनी जहाँ जहाँ जान्छन् त्यहाँ उनले कांग्रेस-एमालेकै निन्दा र घृणा गरिरहेका हुन्छन्। त्यसमा पनि अझ बढी घृणा एमाले अध्यक्ष प्र.म. के.पी. ओलीप्रति नै बढी हुन्छ। पटक-पटक प्रचण्डले ओलीलाई धोकेवाज, बेइमानी, जाली, फटाहा आदि भन्दै हिडिरहेका छन्। निश्चय नै प्रचण्डले भनेजस्तै ओली धोकेवाज नै हुन्। कांग्रेसी काखामा लडीबुडी गर्दै रमाइरहेका कमरेड प्रचण्डलाई ओलीले ललाइ फकाइ प्यारका साथ आफ्ना काखमा ल्याइ सुताए। तर प्रचण्ड उड्दा बाहिर एक्लै भुइमा। ओली उनको त्यो आलिसान सत्ताको कुर्सीमा रमाइ बसेको देख्दा प्रचण्डलाई कम्ती पीर परेको छ। बयान गरी साध्य नै छैन। तर यसमा बढी दोष प्रचण्ड आफैंको छ। कहिले कांग्रेसी देउवाको काखमा भने कहिले ओलीका् काखमा लहसिने। तिउन चखुवा बेश्वाप्रवृत्तिकै कारण यो भएको हो। त्यसैले अरुलाई धारे हात लगाउँदै हिड्नुभन्दा पहिले आफैंले आफैंलाई धारे हात लगाइ समालिएर बस्नु र हिंड्नु प्रचण्डका लागि फलदायी हुनेछ।

अझ अहिले प्रचण्डले बंगलादेश र श्रीलंकाको तुलना गर्दै ओली-देउवा लखेटिने धम्की दिँदै हिंडिरहेका छन्। अहिले ओली-देउवाले प्रचण्डलाई खाली एउटा सत्ताको कुर्सीबाट लखेटेका मात्र हुन्। व्यवस्था सदन अनि देश र जनताबाट त उनी लेखिटएका छैन। प्रचण्ड सदनमा कुर्लिरहेका छन्। देशव्यापी जनतामा गइ आफ्ना भनाइ राखिरहेका छन्। तर अब कुनै कारण प्रचण्ड फेरि सत्तामा आए ओली-देउवाको कुनै खैरियत रहने छैन। बंगलादेशकी पूर्व प्रधानमन्त्री हसिना जस्तै देशबाट लखिटिने छन्। होसियार ओली-देउवा। हुन पनि आफू मरे भुतै राजा। यसै भएन उसै भएन। जे गर्न पनि पछि नपर्ने बदलाको उग्र राजनीतिले प्रचण्डलाई गाजी सकेको छ। त्यसैले फेरि पनि सावधान ओली-देउवा।

सामन्ती, दलाल र नोकरशाही बुर्जुवा राज्य सत्ता र व्यवस्थाको असली विशेषता र चरित्र नै यस्तै षड्यन्त्र जालझेल र धोका नै हो। आलोपालो मिली खाने नमिले एकले अर्कालाई धोका, बेइमानी र षड्यन्त्र गरिहाल्ने सामन्ती चरित्र नै हो। मित्र-सहयोगी अनि को दुश्मन विरोधी ? यसमा कुनै ठेगान नै रहन्न। हिजोको शत्रु आज मित्र अनि आजको मित्र भोलि फेरि त्यही शत्रु-दुश्मन। ठीक यो ओली-देउवा र प्रचण्डमा देखिंदै आएको छ। राजनीतिमा कुनै स्थायी दुश्मन अनि मित्र हुँदैन भन्ने मदन भण्डारीको घोर अवसरवाद यी तिनै नेताहरुले पटक-पटक देखाउँदै आएका छन्। वास्तवमा को शत्रु र को मित्र छुट्याउने मूल कसी वर्गीयता हो। कम्युनिष्ट राजनीतिको मूल आधार नै यही हो। तर कम्युनिष्टको नाममा एमाले र माओवादी सबैले वर्गीय पक्षधरतालाई लात मार्दै सामन्ती, दलाल र नोकरशाही बुर्जुवा राष्ट्रघाती र जनघातीहरुसँग हात मिलाउँदै उनीहरुकै पिछलंगु बन्दै आइरहेका छन्। माओवादी र एमाले दुवै पार्टीले अहिले पनि नेपाली कांग्रेस पार्टीलाई सामन्ती दलाल र बुर्जुवा पार्टी नै भन्दै आएका छन्। तर काम र व्यवहारमा भने दुवै कांग्रेसकै पिछलंगु, कांग्रेसकै पुच्छर समाउँदै अघि पछि हिंडिरहेका छन्।

देउवाको न्यानो काख छोडी प्रचण्ड ओलीको काखमा आएपछि भारत भ्रमणमा गए। त्यहाँ उनले नेपालभन्दा भारतको हितमा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँग दलाली र चाकडी गरे। त्यसका लागि मोदीको आशीर्वाद थियो एमाले ओली गठबन्धन छोडी पुनः कांग्रेसी गठबन्धनमा नै जाउ। प्रचण्ड नेपाल फर्केपछि यसैलाई सिरोपर गरी उनी देउवा निवास पुगे। भारतीय विस्तारवादी गुरुको सन्देश भन्दै फेरि कांग्रेस माओवादी सत्ता गठबन्धन गरौ भने। तर देउवालाई पत्यार लागेन। देउवा के हो भनी बुझ्न सपत्नी आरजु सहित ओली निवास बालबोट पुगे। पटकपटक प्रचण्डबाट धोका खाँदै आएका यी दुवै देउवा- ओलीबीचको लामो छलफल पछि यो गठबन्धन बनेको हो। राजनीति भनेको ट्रिकको खेल हो भन्ने बुझेका यी तिनवटै ओली-देउवा र प्रचण्डबीचको यो खेलमा अहिले प्रचण्ड नराम्ररी पछारिएका छन्। पानी विनाको माछा जस्तै छट्पटाउँदै हिंडिरहेका छन्। कहाँ र कसले बाँच्नका लागि दिन्छ पानी भन्दै छटपटाउँदै छन्।

जति चाकडी र दलाली गरे पनि भारतले उनलाई पत्याएन अनि अमेरिकाले पनि। प्रचण्डप्रति चीनको पनि त्यति धेरै विश्वास छैन। तैपनि केही भई हाल्छ कि भनी अहिले प्रचण्डले वर्षमान पुनलाई चीन पठाएका छन्। यता माधव- विप्लव सहितको समाजवादी मोर्चा अघि बढाएर केही हुन्छ कि भनी गरिएको प्रयास पनि त्यत्तिकै सेलाउँदै जान थालेको छ। प्रचण्ड यति हतारिएका छन् कि यस्तो मोर्चाभन्दा अब तत्काल पार्टी एकता नै गरिहाल्ने तरखरमा देखिन्छन्। तर विप्लव र माधवहरु भने तत्काल यसमा देखिदैनन्। तत्काल माओवादीसँग पार्टी एकता गर्ने प्रचण्डको कुराले नेकपा एसका धेरै नेता कार्यकर्ताहरु एमालेमा फर्कने आशंकाले गर्दा नेपाल-खनाल यसबाट अलि टाढिएका छन्। त्यस्तै स्थिति विप्लव समूहमा पनि देखिएको छ।

हुन पनि अब फेरि केका लागि प्रचण्डसँग पार्टी एकता गर्ने ? पद, प्रतिष्ठा र कुर्सीका लागि गर्ने हो भने प्रचण्ड सत्ताच्यूत भइसकेका छन्। अनि अब आगामी निर्वाचनका लागि गर्ने हो भने पनि प्रचण्डको जनआधार चारैतिरबाट खस्किसकेको छ। उल्टो केही भएको जनआधार पनि प्रचण्डकै कारण झन् बिग्रने डर विप्लव माधवमा छ। यतिसम्मकि हिजो प्रचण्ड सत्तामा रहँदा बाबुरामसँग अलग भई बसेकाहरु समेत अब फेरि बाबुरामसँग नै मिली एमाले निकट हुनेमा देखिंदैछन्। आफ्नै पार्टी समाल्न नसकेका प्रचण्डबाट अब अरु दलहरुलाई समेत एकतामा ल्याउने सम्भावना विरलै छ। बरु प्रचण्ड कै पार्टी आज हो कि भोलि विभाजनको डिलमा पुगिसकेको छ। प्रचण्डको नाममा सत्ता डुबुल्की मार्नेहरुको छाटकाट अर्कै छ भने सच्चा केही क्रान्तिकारीहरु प्रचण्डको विकल्पमा नयाँ अर्को क्रान्तिकारी धारको खोजीमा छन्।

जब मान्छे समस्यै समस्यामा झेलिएपछि त्यसबाट केही गरी उम्कनै नसके आखिर एउटा भनाइ छ- मर्नभन्दा बौलाउन निको। ठीक यो कथन अब प्रचण्ड कमरेडमा पनि लागू हुने देखिंदैछ। २०५२ साल फागुन १ मा माओवादी जनयुद्ध थालियो। जनताले पत्याएर सहयोग गरी त्यो १० वर्ष चालु रह्यो। पछि जनयुद्ध छोड्ने हातहतियार बुझाउने अनि पुरानै सामन्ती, दलाल र नोकरशाही बुर्जुवा प्रतिक्रियावादी राज्य सत्ता स्वीकार्ने नाममा १२ बुँदे दिल्ली समझदारीमार्फत् सत्तासिन बन्दै आएका कमरेड प्रचण्ड अहिले एक्लै बेसाहारा न घर न घाटका भएका छन्। कांग्रेस-एमाले, भारत-अमेरिका-चीन कसैको पनि साथ छैन। यस्तो स्थितिमा अब उनको साहारा बाँकी केवल पूर्व राजा ज्ञानेन्द्र मात्र भएका छन्। चर्चा छ केही दिन पहिले ज्ञानेन्द्र-प्रचण्डबिच एउटा लामो गोप्य भेटवार्ता भएको। पूर्व राजा वीरेन्द्रको वंशनास पछि तत्कालीन राजा ज्ञानेन्द्र र प्रचण्डबीच केही समझदारी वार्ता संवाद हुने गरेको थियो। यतिसम्मकि त्यसैका लागि प्रचण्डले बाबुरामलाई कारबाही गरी नजरबन्द नै गराइराखेका थिए। तर एकाएक त्यो माहोल बिग्रियो। रातारात प्रचण्ड-बाबुराम, गिरिजा-माधव सबै दिल्ली बोलाइए र भारतकै डिजाइनमा १२ बुँदे दिल्ली समझदारी गरी देशमा आन्दोलन भयो। राजतन्त्रको अन्त्य र गणतन्त्रको उदय भयो। पूर्व पञ्चे-मण्डले, राजा सबै एक्लिए।

अहिले चर्चामा आएको ज्ञानेन्द्र-प्रचण्ड भेटवार्ताले कतै त्यो पुरानो माओवादी-दरबार भेटवार्ता र समझदारीलाई पुनर्जीवित गराउँदै त छैन ? २०६३ सालपछि एक्लिएका ज्ञानेन्द्र र अहिले एक्लिदै जान थालेका प्रचण्डबिचको यो भेटवार्ता र सहकार्यले कांग्रेस-एमालेलाई झस्काएको हुनुपर्दछ। पुराना र नयाँ पञ्चे, मण्डलेहरुको चुरीफुरी ज्ञानेन्द्रको बढ्दो सक्रियता अनि प्रचण्डको एमाले-कांग्रेसप्रतिको चर्को आक्रमणका पछाडि कतै न कतै यो चर्चाले काम गरिरहेको पो छ कि ? शंका गर्ने प्रशस्त ठाउँ छ। भनिन्छ आफू मरे भुतै राजा। प्रचण्डका लागि अब के को मार्क्सवाद-लेनिनवाद र माओवाद ? अनि के को १० वर्षे जनयुद्ध र के को लोकतन्त्र ? संघीयता र समानुपातिक ? सबै भाडामा जाउन के मतलब ? मतलब खाली कुर्सी र सत्ताको मात्र छ। राजतन्त्र स्वीकार गरेर हिन्दु राज्य नेपाल भनेर वा जे गर्दाभन्दा त्यो पाइन्छ त्यही गर्नेमा अब प्रचण्ड पुग्ने देखिन्छन्। प्रचण्डले भन्ने गरेको उलटपुलट वा विद्रोहको अन्तिम अब यही मात्र बाँकी छ।

# नेप्से परिसूचकमा उच्च अङ्कको वृद्धि



काठमाडौँ। लगातार ओरालो लाग्दै आएको शेयर कारोबार मापक नेप्से परिसूचक बिहीबार भने उच्च अङ्कले वृद्धि भएको छ। नेपाल स्टक एक्सचेञ्जका अनुसार शेयर कारोबार हुने साताको अन्तिम दिन नेप्से परिसूचक ७८ दशमलव १७ अङ्कले उकालो लागेर दुई हजार छ सय ८८ दशमलव ३८ मा पुगेको हो।

ठूला कम्पनीको कारोबार मापन गर्ने सेन्सेटिभ परिसूचक १३ दशमलव ४० अङ्कले उकालो लागेर चार सय ७८ दशमलव ४८ मा पुगेको छ। कारोबार भएका कूल १३ उपसमूहमध्ये १२ उपसमूहको शेयर मूल्यमा वृद्धि हुँदा एउटा उपसमूहको शेयर मूल्य भने घटेको छ।

कूल एक करोड ९४ लाख ३३ हजार एक सय ५४ कित्ता शेयर रु आठ अर्ब १६ करोड ९२ लाख ७४ हजार छ सय १२ मूल्यमा कारोबार भएको छ। नेप्सेका अनुसार विन नेपाल लघुवित्त, ग्रीन भेञ्चर्स लिमिटेड, इस्टन हाइड्रोपावर, रावा इनर्जीको शेयर मूल्यमा १० प्रतिशतले वृद्धि भई सकारात्मक सर्किट लागेको छ। त्यस्तै, एशियन हाइड्रोपावरका लगानीकर्ताले नौ दशमलव ९९ प्रतिशतले कमाएका छन्।

श्री स्टार हाइड्रोपावरको शेयर मूल्यमा १० प्रतिशतले गिरावट भई नकारात्मक सर्किट लागेको छ। सानिमा लार्ज क्याप फण्ड आठ दशमलव ४९, आरबीबी म्युचुअल फण्ड दोस्रो चार दशमलव शून्य एक, सनराइज फस्ट म्युचुअल फण्ड तीन दशमलव ७१ र सानिमा ग्रोथ फण्डका लगानीकर्ताले तीन दशमलव ६५ प्रतिशतले गुमाएका छन्।

# फर्सीमा के–के पोषक तत्व पाइन्छ ? के फाइदा गर्छ ?



नेपालमा विभिन्न थरिका तरकारी पाइन्छन्। जसमध्ये फर्सी एउटा मिठो र सजिलै उपलब्ध हुने तरकारी हो। फर्सी मात्र नभएर यसको बियाँ र मुन्टा पनि पोषक तत्वका हिसाबले उत्कृष्ट मानिन्छ। बच्चादेखि बृद्धसम्म सबैले रुचाउने फर्सीमा प्रसस्त मात्रामा पाइने खनिज र भिटामिनले हाम्रो शरीरलाई स्वस्थ र तन्दरुस्त राख्न मद्दत गर्छ।

फर्सीमा प्रसस्त मात्रामा 'बिटा क्यारोटिन' पाइन्छ, जसले शरीरभित्र 'भिटामिन ए'मा परिणत भइ स्वस्थ आँखा र स्वस्थ मुटुका लागि मद्दत गर्छ। विभिन्न अनुसन्धानबाट बिटा क्यारोटिनले क्यान्सर हुनबाट जोगाउने पनि देखिएको छ। यसैगरी, फार्सीमा प्रसस्त मात्रामा पाइने पोटासियमले हाम्रो शरीरमा रक्तचापको सन्तुलन मिलाउन र हड्डीलाई मजबुत राख्न मद्दत गर्छ।

अन्य तरकारीजस्तै फर्सी पनि फाइबरको राम्रो स्रोत हो। दीर्घ रोगहरु (जस्तै- क्यान्सर, मोटोपना, मुटु रोग, मधुमेह आदि) लाग्न नदिन हाम्रो शरीरलाई साधारणताया दैनिक २५-३० ग्राम फाइबर चाइन्छ। शरीरको यस्तो आवश्यकता परिपूर्ति गर्न पनि फर्सी लाभदायक छ तरकारी हो।

क्यालोरी थोरै भए पनि फाइबर आवश्यक मात्रामा हुने भएकाले फर्सी खाएको लामो समयसम्म भोक लाग्दैन र तौल नियन्त्रण प्रक्रियामा सहयोग पुग्छ। यस बाहेक फर्सीमा 'भिटामिन ई' र 'सी' पनि पाइन्छ, जसले 'एन्टिअक्सिडेन्ट'का रूपमा हाम्रो शरीरमा काम गर्छ। शारीरिक प्रक्रियाबाट निस्केका 'फ्री रेडिकल्स' (जुन शरीरका लागि हानिकारक हुन्छन्) लाई बढ्न दिँदैन।

यस्तै, फर्सीको बियाँ प्रोटिनको उच्च स्रोत हो। यसमा प्रसस्त मात्रामा जिङ्क पनि पाइन्छ। जिङ्क शरीरका लागि अत्यावश्यक खनिज पदार्थ हो। यसले रोग प्रतिरोधात्मक क्षमता बढाउनुका साथै कोषहरुको वृद्धि, पुरुषहरुको यौनक्षमता वृद्धि र इन्सुलिनको कामलाई नियन्त्रिण गर्न मद्दत गर्छ। जिङ्क गर्भवती महिलाका लागि पनि आवश्यक तत्व मानिन्छ।

यसैगरी बियाँमा पाइने 'अल्फा-लिनोलेनिक एसिड'ले हाम्रो मुटु स्वस्थ राख्न मद्दत गर्छ। अल्फा लिनोलेनिक एसिड हाम्रो शरीरभित्र गएर 'ओमेगा ३' र 'ओमेगा ६' जस्ता पोषक तत्वमा परिणत हुन्छ। जुन हाम्रो मुटु, आँखा र छालालाई स्वस्थ राख्न अत्यावश्यक छ।

फर्सीको बियाँमा 'ट्रिप्टोफ्यान' नामक पोषक तत्व पाइन्छ, जुन शरीरभित्र अनुकूल वातावरणमा 'सेरोटोनिन' नामक तत्वमा परिणत हुन्छ। सेरोटोनिनले हाम्रो मुड ठीक राख्न र राम्रो निद्रा पार्न मद्दत गर्छ। साथै, सेरोटोनिनले तीक्ष्णता वृद्धि गर्न पनि सघाउने विभिन्न अध्ययनले देखाएका छन्।

फर्सीको बियाँमा 'म्याग्नेसियम' नामको खनिज पदार्थ प्रसस्त मात्रामा पाइन्छ, जसले मुटुको कार्यमा सहयोग गर्नुका साथै दाँत र हड्डीको उचित विकाशमा मद्दत गर्छ।

माथि भनिएका पोषक तत्वसँगै फर्सीको बियाँमा म्यान्गनिज, कप्पर, सेलेनियम, भिटामिन बि, क्याल्सियम पनि पाइन्छ।

तर, ध्यान दिनुपर्ने कुरा के हो भने, फर्सीको बियाँमा हुने 'फाइटिक एसिड'ले माथि उल्लेख गरिएका पोषक तत्वको पाचन क्रियामा बाधा पुऱ्याउने भएकाले दिनहुँजसो खाँदा भिजाएर खानु बढी लाभदायक हुन्छ।

फर्सी र यसको बियाँजस्तै फर्सीको मुन्टा पनि उतिकै पोषिलो खानेकुरा हो। फर्सीको मुन्टामा पनि क्याल्सियम, पोटासियम, फस्फोरस, आइरन, म्याग्नेसियम, भिटामिन ए, के, बि, फोलेट, कप्पर, म्यान्गनिज जस्ता तत्व पाइन्छ। फर्सीको मुन्टामा प्रसस्त मात्रामा पाइने आइरनले रोग प्रतिरोधात्मक क्षमता बढाउनुका साथै रक्तअल्पता हुनबाट जोगाउँछ।

स्वास्थ्य खबरबाट

# तीन वर्षे रणनीति बनाउन चेम्बर लुम्बिनीको कार्यशाला

तानसेन । नेपाल चेम्बर अफ कमर्स लुम्बिनी प्रदेशको रणनीतिक योजना कार्यशाला पाल्पाको तानसेनमा बिहीबार सुरु भएको छ । चेम्बर लुम्बिनी प्रदेशको भर्खरै अधिवेशन सम्पन्न भएपछि आगामी तीन वर्षका लागि कार्ययोजना तयार पार्न रणनीतिक कार्यशाला आयोजना गरिएको चेम्बरले बताएको छ।

कार्यशालाको उद्घाटन गर्दै तानसेन नगरपालिकाका नगर प्रमुख सन्तोषलाल श्रेष्ठले तानसेनसहित सिङ्गो पाल्पाको पर्यटन र व्यवसायिक प्रवर्द्धनका लागि सहयोग गर्न आव्हान गरे। उनले स्वास्थ्य, शिक्षा र व्यवसायका लागि तानसेन ऐतिहासिक हब हुँदा हुँदै पनि पछाडि परेकोमा चिन्ता व्यक्त गरे । पर्यटनका दृष्टिले तानसेनमा अपार सम्भावना रहेकाले पर्यटनलगायतका क्षेत्रमा लगानी गर्न आब्हान उनले गरेका थिए । उनले बुटवल - पोखरा ६ लेन सडक निर्माण सम्पन्न हुँदासम्म तानसेन र आसपासका पर्यट्कीय क्षेत्रमा पर्यटन पूर्वाधारहरु निर्माण गरेर लाखौं पर्यटक भित्र्याउन सकिने सम्भावना औल्याए।

चेम्बर लुम्बिनीका अध्यक्ष टङ्क पोखेलले आगामी तीन वर्षभित्र लुम्बिनी चेम्बरले अन्तर्राष्ट्रिय, राष्ट्रिय, प्रादेशिक, जिल्ला र पालिकास्तरीय कार्यक्रम आयोजना गर्ने गरी रणनीतिक योजना बनाउने बताए । अघिल्लो कार्यकालमा चेम्बरलाई बिस्तार गर्ने अधिकांश कामभएकाले अबको तीन वर्ष उद्योगी, व्यवसायीको अभिभावक संस्थाको रुपमा विकास गर्ने उनले बताए । चेम्बरले तीनै तहका सरकारहरुसँग सहकार्य गरेर अगाडि बढ्न चाहेको बताउँदै उनले त्यसका लागि साथ र सहयोग आवश्यक रहेको जनाए । कार्यक्रममा बोल्दै चेम्बर लुम्बिनीका वरिष्ठ उपाध्यक्ष श्रीधर महराले व्यवसायिक हकहितका लागि चेम्बरले कुनै कसुर बाँकी नराख्ने बताए। परम्परागतभन्दा भिन्न गतिविधि गरेर यसपाली चेम्बरले आफ्ना गतिविधि गर्ने उनले जनाए। कार्यक्रमलाई सहजीकरण गर्दै प्रशिक्षक मुकुन्द ज्ञवालीले चेम्बर लुम्बिनीले आगामी तीन वर्षमा गर्न सक्ने गतिविधिलाई कसरी पृथक बनाउन सकिन्छ भन्ने विषयमा सहजीकरण गर्दै छन्।

चेम्बर लुम्बिनीको सिङ्गो कार्यसमिति र विभिन्न जिल्ला र नगरकार्यसमितीका अध्यक्षहरु उपस्थित भएको कार्यशालाबाट चेम्बर लुम्बिनी र मातहतका समितिहरुले गर्ने कार्यक्रमको रणनीति बनाइँदैछ । सो अवसरमा चेम्बर लुम्बिनीका महासचिव शिव ज्ञवाली, उपाध्याय जे.पी. कडेलेले बोलेका थिए।

## गौतमबुद्ध...

सन् २०१४ मा भारतका प्रधानमन्त्री नरेन्द्र मोदी नेपाल आउँदा हवाइ रुटको विषयमा सहमति भएको थियो। दुवै देशका सम्बन्धित अधिकारीलाई ६ महिनाभित्र यसलाई टुङ्ग्याउन त्यतिबेला निर्देशन दिइएको थियो। त्यो निर्देशन दिएको १० वर्ष भइसक्दा समेत कुरा जहाँको त्यहीं छ।

नेपाल-भारतबिच हुने हरेक उच्चस्तरीय भ्रमणमा हवाइ रुटको विषय उठ्ने गरेको छ। भारतले रुट उपलब्ध गराउने प्रतिबद्धता पनि जनाउँदै आएको छ। तर अवस्थामा केही सुधार भएको छैन।

भारतले गोरखपुरमा रहेको सैनिक ब्यारेकमाथि हवाइ क्षेत्र पर्ने भएकाले भैरहवामा विमान प्रवेश बिन्दु उपलब्ध गराउन नचाहेको जानकारहरू बताउँछन्।

भारतले थप रुट दिएन भने पोखरा र भैरहवा अन्तर्राष्ट्रिय विमानस्थलले प्रतिफल दिन नसक्ने र निजी क्षेत्रबाट भएको अर्बौं लगानी डुब्ने जोखिमले व्यवसायीहरु चिन्तित छन् । हाल भारतले नेपाली वायुसेवाहरूलाई सिमरा हुँदै प्रवेश अनुमति दिएको छ। अर्को रुट नदिएसम्म पोखरा र भैरहवा अन्तर्राष्ट्रिय विमानस्थलका लागि पनि सोही रुट प्रयोग गर्नुपर्छ। त्यो रुट प्रयोग गर्दा हवाइ उडान महँगो हुन्छ।

सिमराबाट अधिकांश अन्तर्राष्ट्रिय उडानहरू नेपालमा प्रवेश गरे पनि पूर्वी प्रवेश बिन्दुबाट भुटान र ल्हासा हुँदै आएका विमान नेपाल प्रवेश गर्छन् । विज्ञहरूका अनुसार सिमरा रुटबाट काठमाडौँ प्रवेश गर्न ठिक छ, तर सोही रुटबाट भैरहवा र पोखरा विमानस्थल जानुपर्दा दुरी लामो हुन्छ र त्यसले टिकटदेखि हरेक कुरा महँगो हुनेछ।

पर्यटनमन्त्री पाण्डेको यो भ्रमणपछि पनि नेपाली पक्षले हवाइ रुटका लागि नियमितरुपमा कुटनीतिक र प्रशासनिक गरिराख्नुपर्ने रुपन्देहीका व्यवसायीको माग छ । विमानस्थलबाट अन्तर्राष्ट्रिय उडानहरु पूर्ण क्षमतामा चल्न नसके सयौं व्यवसायीको अर्बौं लगानीका व्यवसाय संकटमा पर्ने भएकाले सरकारले यसलाई उच्च प्राथमिकतामा राख्नुपर्ने सिद्धार्थ सञ्जाल रुपन्देहीका अध्यक्ष अनिल ज्ञवाली बताउँछन् । रुपन्देहीका व्यवसायीले अन्तर्राष्ट्रिय उडानहरु पूर्ण क्षमतामा सञ्चालनको माग गर्दै पटक-पटक आन्दोलन गर्दै आएका छन्।


### श्री दर्शन बहुउद्देश्यीय सहकारी संस्था लि.

सिनपा-१२, देवकोटाचोक (एस.आर. कम्प्लेक्स)

### ३५ दिने सार्वजनिक सूचना

यस संस्थाबाट शेयर सदस्य तपाईहरुले कर्जा लिई कारोबार गर्नु भएको र ऋण लिने बेलामा परेको लिखित सम्झौता भंग गरी बारम्बार मौखिक तथा टेलिफोनबाट तर-ताकेता गर्दा र संस्थाबाट पत्र समेत काट्दा पनि अटेर गरी कर्जा तिर्ने तर्फ कुनै चासो नदेखाई संस्थालाई बुभाउनुपर्ने साँवा, व्याज तथा हर्जाना रकम तिर्न बुझाउन आलटाल बेवास्ता गर्नु भएकोले सहकारी नियमावली २०७५ को नियम ३० (क) बमोजिम सार्वजनिक सूचना प्रकाशन गरिएको छ। अतः यो सूचना प्रकाशन भएको मितिले ३५ दिनभित्र संस्थाको कार्यालयमा सम्पर्क गरी संस्थालाई तिर्न बुझाउनु पर्ने सम्पूर्ण साँवा, व्याज तथा हर्जाना रकम तिर्न बुझाउन हुन गरिन्छ। अन्यथा सहकारी नियमावली २०७५ को दफा ३० (घ) बमोजिम ऋण सुरक्षणका लागि संस्थाको नाममा लेखिदिएको अचल सम्पत्ति लिलाम बिक्री गरी सम्पूर्ण लिनुपर्ने साँवा, व्याज, हर्जाना र अन्य लाग्ने शुल्क समेत अशुल उपर गरिने व्यहोरा अवगत गराइन्छ।

तपशिल

| क्र.स. | ऋणीको विवरण | फोटो | धितोको विवरण |
|---|---|---|---|
| १ | ऋणीको नामः सन्तोष मुराउ<br>बाबुको नामः जनार्दन कोइरी<br>बाजेको नामः हरिद्धार कोइरी<br>स्थायी ठेगानाः पोखरभिण्डी-६<br>ना.प्र.प.: ३७३०१०/१३९<br>जारी मितिः २०६३।१२।१९ |  | ऋणीको सदस्यको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीमा दर्ता श्रेस्ता कायम रहेको कित्ता नं.३५.४ क्षेत्रफल १-०-० (पजरकट्टी-२) |
| २ | ऋणीको नामः शिवप्रसाद बढई<br>बाबुको नामः दोवारिका<br>बाजेको नामः बद्री<br>स्थायी ठेगानाः प. अमारी-७<br>ना.प्र.प.: २३०५<br>जारी मितिः |  | ऋणीको सदस्यको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीमा दर्ता श्रेस्ता कायम रहेको कित्ता नं. २४८/३४०/३७६/४३८ क्षेत्रफल ०-२-७/०-२-३/०-१-०/०-२-७ (अमारी-६) |
| ३ | ऋणीको नामः जमिल अजहर खाँ<br>बाबुको नामः सफी महम्मद पठान<br>बाजेको नामः हमतुल्ला<br>स्थायी ठेगानाः रोहिणी-२<br>ना.प्र.प.: १।४५०३<br>जारी मितिः २०५४।०५।०३ | | ऋणीको सदस्यको नाममा मालपोत कार्यालय भैरहवा, रुपन्देहीमा दर्ता श्रेस्ता कायम रहेको कित्ता नं. ५८२/५८१ क्षेत्रफल ०-६-३५/०-२-० (पोखरभिण्डी-२) |



### मध्यविन्दु नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

चोरमारा, नवलपरासी(ब.सु.पु.)

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

प्रकाशन मिति : २०८१/०५/२८

यस कार्यालयबाट मिति २०८१/०४/१५ गते राष्ट्रिय दैनिकमा पत्रिकामा प्रकाशित बोलपत्र आह्वानको सुचना अनुसार मध्यविन्दु नगरपालिकाको तपशिलका निर्माण कार्य गर्न रित पूर्वक पेश हुन आएका बोलपत्रहरु खोली मूल्याङ्कन समितिले मूल्याङ्कन गर्दा निम्न बोलपत्रदाताको बोलपत्र सारभुत रुपमा प्रभावग्राही भएको भनी स्वीकृतिका लागि सिफारिस भै आएको हुँदा सार्वजनिक खरिद ऐन,२०६३ को दफा २७ को उपदफा (२) को प्रयोजनको लागि यो ७ दिने सूचना प्रकाशित गरिएको छ। साथै सार्वजनिक खरिद ऐन,२०६३ को दफा ४७ बमोजिम सम्बन्धित सबै बोलपत्रदाताहरुलाई समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

| सि.नं. | बोलपत्र नं.र कार्य | बोलपत्रदाताको नाम र ठेगाना | कबोल गरेको रकम (मु.अ.कर सहित) | कैफियत |
|---|---|---|---|---|
| १ | 01/NCB/MB/GOODS/2081/82, Procurement of Tractors and Trolley for solid Waste management | ELEMECH International Pvt. Ltd., New Baneshwor-31,Kathmandu | 36,13,740 | |

प्रमुख प्रशासकीय अधिकृत


# प्यूठानका स्थानीय तहको आम्दानी न्यून

राधिका भुसाल

*प्यूठान*

प्यूठानका स्थानीय सरकारका आन्तरिक आम्दानी विगतभन्दा केही सुधार भए पनि उल्लेख्य सुधार नभएको पाइएको छ।

आन्तरिक आम्दानी कमजोर हुँदा स्थानीय सरकार सङ्घ र प्रदेश सरकारको अनुदानको भरमा सञ्चालन भइरहेका छन् । आर्थिक वर्ष २०८०/०८१ मा सबैभन्दा धेरै आन्तरिक आम्दानी प्यूठान नगरपालिकाले गरेको छ । प्यूठान नगरपालिकाले रु ३ करोड ३२ लाख २३ हजार १७२ रुपैयाँ आन्तरिक आम्दानी गरेको छ।

आन्तरिक आम्दानी गर्नेमा स्वर्गद्वारी नगरपालिका दोस्रो स्थानमा छ। स्वर्गद्वारीको आन्तरिक आम्दानी रु २ करोड ३७ लाख २७ हजार २ सय ३७ रहेको छ।

यसैगरी, गौमुखी गाउँपालिकाको १ करोड ६ लाख ७८ हजार ८ सय ७० रहेको छ। नौबहिनी गाउँपालिकाले रु ७९ लाख ९४ हजार ८ सय ३ रुपैयाँ आन्तरिक आम्दानी गरेको छ।

झिमरुक गाउँपालिकाको रु ८९ लाख ९९ हजार ४ सय ६५ रुपैयाँ, मल्लरानी गाउँपालिकाको ५१ लाख २० हजार, माण्डवी गाउँपालिकाको ८५ लाख ७८ हजार रुपैयाँ, ऐरावती गाउँपालिकाको रु ५६ लाख रुपैयाँ रकम आन्तरिक आम्दानी रहेको छ। आन्तरिक आम्दानी वृद्धि गर्न उत्पादनमूलक कार्यक्रम ल्याउनुपर्ने सरोकारवालाहरुले सुझाव दिएका छन्। स्थानीय तहले विभिन्न नौ प्रकारका कर उठाउन पाउने कानुनी व्यवस्था छ।

गैरकरतर्फ सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, पार्किङ शुल्क, बहाल विटौरी शुल्क, जडीबुटी कवाडी र जीवजन्तु शुल्क, इञ्जिन जडान नभएका टाँगा रिक्सा, अटो रिक्सालगायतका सवारी साधन, केवलकार तथा बोटमासमेत शुल्क उठाउन कानुनले स्थानीय तहलाई अधिकार दिएको छ।


### देवदह नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

देवदह-४, केरवानी, रुपन्देही

लुम्बिनी प्रदेश, नेपाल

### बोलपत्र स्वीकृत गर्ने आशयको सूचना।

प्रकाशन मितिः२०८१/०५/२८

यस कार्यालयको सूचना नं. MUN/MED/NCB–03/081/ 082 अनुसार दर्ता हुन आएका बोलपत्र फारमहरु मध्ये तपसिलको बोलपत्रको आर्थिक प्रस्ताव न्यूनतम मूल्याकिंत सारभूत रुपमा प्रभावकाग्राही भएकोले सार्वजनिक खरिद ऐन-२०६३ को दफा २७(२) प्रयोजनार्थ बोलपत्र स्वीकृत गर्नेआशयको सूचना सम्बन्धित सबैमा जानकारीको लागि प्रकाशित गरिएको छ।

| क्र.स. | ठेक्का नं. | योजनाको नाम | शिलबन्दी दरभाउ पत्र/ बोलपत्र दाताको नाम | स्वीकृत कबोल अंक (भ्याट बाहेक) |
|---|---|---|---|---|
| १ | MUN/MED/ NCB-03/081/082 | Procurement Supply and Delivery of medicine and surgical items | M/S, Samundra Medico Pharma, Butwal Rupnadehi | २३,५९,०००.९५/- |

प्रमुख प्रशासकीय अधिकृत



### Devchuli Municipality

Office of Municipal Executive

Pragatinagar,Nawalparasi(East)

### Invitation for Bids

**(First Date of Publication: 2081-05-28(2024-09-13)**

1. The Devchuli Municipality invites **only electronic bids** from eligible bidders for the following projects under National Competitive Bidding procedures mentioned in the table below.

| Contract ID | Description of Work | Estimated Amount Without VAT,P.S& Contingency (NRs.) | Bid Security Amount/ Validity | Bid Validity Period | Bid Document Fee |
|---|---|---|---|---|---|
| 1/DEV/ NCB/WORKS/ 2081-82 | Construction of Chain Link Fencing Mesh along Narayani River at ward no 01,13,14,15 &17 of 5 different place of Devchuli Municipality (2nd phase ) For F/Y 2081/82 | 10027302.17/- | 280000/120 days | 90 days | 3000/- |
| 2/DEV/ NCB/WORKS/ 2081-82 | COMPILE 5 DIFFERENT WORKS ABOUT CONSTRUCTION OF ROADS OF TERAI MADHESH PROSPERITY PROGRAMME IN WARD NO 01,07,09,10,11 OF DEVCHULI MUNICIPALITY FOR F/Y2081/82 | 15406012.23/- | 450000/120 days | 90 days | 3000/- |

| | |
|---|---|
| Deadline for Bid Submission | 2081/ 07/01(17th october 2024) till 12:00 Noon |
| Date Time and Location for Bid Opening | 2081/ 07/01(17th october 2024) 13:00 at Office Premises |
| Date Time and Location for Pre-Bid Meeting | 2081/06/15 (1st october 2024) 11:00 at Office Premises |
| Account Details for Bid Document | Name of the bank: NIC ASIA BANK , Office:Devchuli Municipality, Daldale nawalparasi(East) **Office Account Number:** 0772050029165002 |
| Account Details for Bid Security Deposit | Name Name of the bank: NIC ASIA BANK , Office:Devchuli Municipality, Daldale nawalparasi(East) **Office Account Number:** 0772050029165007 |

2.Eligible Bidders may obtain further information at the office of Devchuli Municipality and inspect the bidding documents should visit E-procurement section of PPMO's web Site http://www.bolpatra.gov.np/egp.

3.Matters not covered above shall be as per the latest amendment of Public procurement Act and its Regulation.

**Chief Administrative Officer**



### ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् । लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः

तिनाउ सेनेटरी

बुटवल-१०, सुख्खानगर, रूपन्देही,

फोनः ९८५७०५८८१३,९८०७१८०८१३

### ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?

हामी तपाईंको समस्या तुरुन्त ५ मिनेटमै हल गरी दिनेछौं।

क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी

विशाल सेनेटरी

बर्मेलीटोल, भैरहवा

मो.9847324755,9804406297

### ट्वाइलेट सफा गराउनुहोस्

तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः

सीताराम सफा सेनेटरी

भैरहवा

९८६९७८९२७५,९८००७६०६२२

लुम्बिनीमा इञ्जिनियरको चुनाव आज

# मुख्य प्रतिस्पर्धीका यस्ता छन् एजेण्डा

**लुम्बिनी संवाददाता**

*बुटवल*



नेपाल इञ्जिनियर्स एशोसिएसनको नयाँ नेतृत्वको चुनाव आज हुँदैछ । महाधिवेशनअन्तर्गत लुम्बिनी प्रदेशमा प्रदेश सभापति पदमा तीन जनाको उम्मेदवारी छ ।

केन्द्रसहित सातै प्रदेशको आज २८ गते एकै दिन मतदान हुँदैछ । लुम्बिनी प्रदेशमा नेकपा एमाले निकट प्रोग्रेसिभ इञ्जिनियर्स एशोसिएशन नेपाल (पिन) बाट ई. जयलाल मरासिनी, कांग्रेस निकट सिडेनबाट ई. महेश्वर लम्साल र माओवादी निकट नेपाल राष्ट्रिय इञ्जिनियरिङ संगठन (निओन)बाट ई. धर्मराज अर्यालले प्रदेश सभापतिमा उम्मेदवार छन् ।

तीनजनाको उम्मेदवारी परे पनि मुख्यरुपमा मरासिनी र लम्सालको बीचमा प्रतिस्पर्धा हुने धेरैको विश्लेषण छ । मरासिनी सेवा निवृत्त हुन् भने लम्साल सडक विभाग बुटवलमा कार्यररत छन् ।

निर्वाचन समिति सदस्य ई. हेमराज शाहीका अनुसार पिनबाट मरासिनीको नेतृत्वमा प्रदेशबाट केन्द्रीय सदस्यमा बलराम पौडेल, उपसभापतिमा प्रभा पाण्डे, सचिवमा शिशिर ज्ञवाली क्षेत्री, सह-सचिवमा प्रदीप घिमिरे र कोषाध्यक्षमा राजु ढकालले उम्मेदवारी दिएका छन् ।

त्यसैगरी सदस्यहरुमा विमल कँडेल, निशा बेल्बासे, सुवर्ण न्यौपाने, तिलक चलाउने, सुभाष पुलामी, सुनिल केसी, वल्लभ भण्डारी, विपिन पौडेल, आकास पराजुली र विवेक पन्थीको उम्मेदवारी रहेको छ ।

लम्सालको प्यानलबाट प्रदेशबाट केन्द्रीय सदस्यमा आकाश शर्मा, उपसभापतिमा शिवप्रसाद तिवारी, सचिवमा प्रवेश पौडेल, सहसचिवमा संकल्प बुढाथोकी, कोषाध्यक्षमा प्रविन सापकोटाको उम्मेदवारी परेको निर्वाचन समिति सदस्य ई. हेमराज शाहीले बताए । सदस्यहरुमा जीवन पाण्डेय, अम्बिका ढुंगाना, कमल राज ढुंगाना, सुचित विष्ट, देवज्ञराज जोशी, सुरक्षित ज्ञवाली, कृतेश श्रेष्ठ, दीपेश गौतम, रुपेश परियार, अफजल मुहम्मद हल्वाईको उम्मेदवारी परेको छ ।

**के भन्छन् मरासिनी ?**

सभापतिका उम्मेदवार जयलाल मरासिनीले इञ्जिनियरका हकहितका पक्षमा डटेर लाग्ने बताए । इञ्जिनियरहरु धेरै उत्पादन हुने गरेका तर रोजगारी नपाएर विदेश पलायन हुनपरेकोले रोजगारी संख्या बढाउन केन्द्र र प्रदेश सरकारसँग पहल गर्ने, सरकारले तोकेको न्यूनतम तलब लागू नभएकाले लागू गराउन भूमिका खेल्ने मरासिनीले बताए ।

३७ वर्षको कार्य अनुभवसहित बुटवल कार्यालयको प्रमुखको रुपमा बुटवल-बेलहिया ब्यापारिक मार्गको ६ लेन सडकअन्तर्गत चौराहा - गोलपार्क सडक खण्डको ६ वर्षसम्म भएको विस्तारको अवरोधलाई पन्छाएर काम अघि बढाएको, लामो अनुभव र परिपक्व पुस्ताबाट दरिलो युवा पुस्ताको नेतृत्व गरेको बताए । इञ्जिनियरहरुले पार्टीभन्दा पनि सक्षम व्यक्तित्व हेर्ने र अघिल्लोपटक झिनो मतले जित्न नसकेकाले यसपटक साथीहरुले न्याय गरेर जिताउनेछन् भन्नेमा आफू ढुक्क रहेको मरासिनीको तर्क छ । मरासिनीले स्थानीय तहहरुमा अधिकृत तह सातौं तहमा दरबन्दी खुलाउनुपर्ने, न्यूनतम तलब लागू हुनुपर्नेलगायतका एजेण्डा विगतदेखि नै उठाउँदै आएको बताए । फिलिपिन्सबाट बीएससीइ तथा पोखरा युनिभर्सिटीबाट निर्माण व्यवस्थापन विषयमा स्नातकोत्तर गरेका मरासिनी हाल ६० वर्षको उमेरमा समेत इञ्जिनियर तथा इञ्जिनियरिङ क्षेत्रमा परेका समस्यालाई समाधान गर्न उम्मेदवार बनेको बताए ।

**के भन्छन् लम्साल ?**

सभापतिका अर्का उम्मेदवार महेश्वर लम्साललले इञ्जिनियरहरुको नियुक्ति कम्तीमा सातौं तहमा हुनुपर्ने, न्यूनतम तलब ३७ हजार ५ सय हुनैपर्ने आफ्नो मुख्य एजेण्डा रहेको बताए । यस्तै कार्यसम्पादनमा पारदर्शिता र सुशासन कायम गर्दै इञ्जिनियर समुदायको गिर्दो शाखलाई रोकेर उचाइमा पुराउने, सम्मानित बनाउने र समृद्धिको वाहक इञ्जिनियर नै हो, अरु कुनै विकल्प छैन भन्ने मान्यता स्थापित गराउने पनि आफ्नो एजेण्डा रहेको लम्साललले बताए ।

देशमा बन्ने पूर्वाधारहरुलाई आत्मनिर्भर र स्वावलम्बी बनाउन अभियान थाल्ने जस्तै स्थानीय कच्चा पदार्थको भरपूर प्रयोगबाट पूर्वाधार बनाउने, विदेशी सामानको प्रयोगलाई निरुत्साहित गरी देशको चुलिंदो व्यापार घाटा कम गर्न भूमिका खेल्ने । इञ्जिनियरिङ पढाइ हुने कलेजहरुमा नियमित अनुगमन र हस्तक्षेपकारी मनिटरिङ गरेर सर्टिफिकेट मात्र हैन, पूर्ण दक्ष र सक्षम जनशक्ति उत्पादनमा सहयोगी भूमिका खेल्ने आफ्नो प्राथमिकतामा रहेको लम्साललले बताए ।

यस्तै नयाँ उत्पादन भएका इञ्जिनियरहरुलाई पुरानो पुस्ताले सहयोग नगर्ने परिपाटी अन्त्य गर्दै राम्रा अनुभव आदान प्रदान गर्दै नयाँलाई प्रोत्साहन गरेर देशमा टिकाउने, विदेश पलायनबाट रोक्ने पनि आफ्नो प्रयास हुने लम्साललले बताए । लम्साललले प्रदेश सभापतिको हकमा आफूले नयाँ पुस्ता र पुरानो दुबै पुस्ताको साथ पाएर नेतृत्वमा पुग्न चाहेको बताए । मेरो काम गर्ने शैली र कार्यक्षमताका कारण कांग्रेस निकट मात्र नभई अन्य दलमा आस्था राख्ने र स्वतन्त्र इञ्जिनियरहरुले समेत मत दिने भएकाले आफ्नो र प्यानलको जितमा शंका नरहेको लम्सालको दाबी छ ।

३३औं कार्यकारिणी समिति हुँदासम्म नेपाली कांग्रेस निकटका उम्मेदवारले ३० पटक जितेका छन् । संस्थाका देशभर करिब ४४ हजार सदस्य छन् । १८ हजार बढीले मतदान गर्ने निर्वाचन समितिले जानकारी गराएको छ । केन्द्रीय कार्यसमिति २५ जनाको हुने व्यवस्था छ । केन्द्रबाट १८ र सात प्रदेशबाट १/१ गरी केन्द्रीय कार्यकारिणी समिति बन्ने व्यवस्था छ ।

मतदान केन्द्र प्रदेश र संघमा गरेर १३ स्थानमा तोकिएको छ । काठमाडौं र जनकपुरमा विद्युतीय मतदान हुने निर्वाचन समितिले जानकारी गराएको छ ।

इञ्जिनियर्स एसोसिएसन २०१९ सालमा स्थापना भएको थियो । बहुदलीय व्यवस्था पश्चात् एसोसिएसनमा प्यानल बनाएर प्रतिस्पर्धा गर्ने प्रचलन बसेको थियो । २०औं कार्यकारणी समितिसम्म आउँदा प्यानलगत प्रतिस्पर्धा यस संस्थामा थिएन ।

# सरकारी वकिलले घुस खाएको भन्दै प्रदर्शन

**रामकुमार श्रेष्ठ**

*नवलपुर*

नवलपुरको कावासोतीमा रहेको जिल्ला सरकारी वकिलको कार्यालयका सरकारी वकिल हरि घिमिरेले घुस खाएको भन्दै कावासोतीमा प्रदर्शन गरिएको छ ।

बिहीबार नवलपुर जिल्ला अदालत र जिल्ला सरकारी वकिलको कार्यालय अगाडि पीडितहरुले प्रदर्शन गरेका हुन् । पीडितहरुले सरकारी वकिल हरि घिमिरेले पीडकसँग २९ लाख रुपैयाँ घुस खाएर पीडकको पक्षमा लागेर कृतेजालसाजी मुद्दाको फाइल अगाडि नबढाएको आरोप लगाएका छन् । पीडित रामप्रसाद महतोले पीडक अमृत भुसालसँग आर्थिक लेनदेन गरेर सरकारी वकिल हरि घिमिरेले मुद्दा नै ढिसमिस पारेको आरोप लगाए । पीडितहरुले बिहीबार सरकारी वकिल हरि घिमिरेविरुद्ध नाराबाजी समेत गरेका थिए । उनीहरुले पैसासँग न्यायालय नसाट्न चेतावनी दिएका थिए ।अदालत मार्गको चौताराबाट नवलपुर जिल्ला अदालत, जिल्ला सरकारी वकिलको कार्यालय नवलपुर हुँदै पुनः नवलपुर जिल्ला अदालतसम्म र्याली तथा प्रदर्शन गरेर नवलपुर जिल्ला अदालत अगाडि कोणसभा गरेका थिए । कृते, जालसाजी मुद्दाका आरोपित कावासोती निवासी अमृत भुसालले नवलपुरमा २७ जनालाई मिटरब्याजमा पैसा लिएर कृते गरी जग्गा हडपेको, सम्बन्धित पीडितको नक्कली हस्ताक्षर गरेर बैंकको रकम बैंकका कर्मचारीसँग मिलेर झिकेको जस्ता आरोपमा प्रहरीले २३ दिन नियन्त्रणमा लिए अनुसन्धान गरेको थियो ।

अमृत भुसालको मुद्दामा सरकारी वकिलको कार्यालयले प्रमाण नपुगेको भन्दै मुद्दा दर्ता नै नगरेका कारण भुसाललाई २३ दिनको दिन छाड्नु परेको जिल्ला प्रहरी कार्यालय नवलपुरका प्रहरी नायव उपरीक्षक वेदबहादुर पौडेलले बताए ।

अनुसन्धानमा संलग्न एक जना उच्च सुरक्षा अधिकारीका अनुसार भुसाल कम्तिमा पुपर्क्षेका लागि थुनामा जान सक्ने अवस्था थियो, तर सरकारी वकिलले आर्थिक लेनदेनमा परेर मुद्दालाई कमजोर भनेर मुद्दा नै नलिएको हो । भुसालले विगत १० वर्षदेखि मिटरब्याजमा पैसा लगाउने र १० लाख रकम दिएकोसँग १ करोडको सम्पत्ति हड्प्ने गरेको पीडित पक्षको आरोप रहेको छ ।

कावासोतीमा रहेको मिटरब्याजी पीडित संघर्ष समिति, युवा दस्ता नवलपुरको टोलीले नवलपुर जिल्ला अदालत र जिल्ला सरकारी वकिलको कार्यालय अगाडि प्रदर्शन तथा नाराबाजी गरेका हुन् ।

नाराबाजीपछि आयोजित कोणसभामा बोल्दै मिटरब्याजी पीडित किसान संघर्ष समिति नवलपुरका अध्यक्ष हेमराज दाहालले सरकारी वकिल हरि घिमिरेले आर्थिक लेनदेनमा परेर मुद्दालाई कमजोर बनाएको आरोप लगाए । उनले न्यायालयमाथि आमनागरिकको विश्वास नै उठ्ने गरी सरकारी वकिल र न्यायाधीशहरुले नै पीडकसँग घुस खाएर पीडितलाई न्याय दिनुको सट्टा झन पीडा दिने गरेको बताए ।

त्यसैगरी युवा दस्ता नवलपुरका अध्यक्ष दीपक बस्नेतले पैसासँग न्याय साटेर पीडितलाई झन पीडा दिने सरकारी वकिल हरि घिमिरेलगायतलाई कारबाही नगरिए जनस्तरबाटै कारबाही गर्ने चेतावनी दिए ।

जिल्ला प्रहरी कार्यालय नवलपुरका प्रहरी उपरीक्षक नरहरि रेग्मीले अमृत भुसाल तत्काललाई छाडिए पनि उनीविरुद्धको अनुसन्धान भने प्रहरीले जारी राखेको जनाए ।

घुस खाएको आरोप लागेका सरकारी वकिल हरि घिमिरेलाई पटक-पटक फोन सम्पर्क गर्दा पनि उनी सम्पर्कमा आउन चाहेनन् ।


## गाउँबासीहरुमा हार्दिक अनुरोध

- सबै बालबालिकालाई समयमै विद्यालय भर्ना गरी पहुँच सुनिश्चित गरौं ।
- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं ।
- मधुमेह, उच्च रक्तचाप र दमजस्ता स्वास्थ्य समस्याको नियमित चेकजाँच गरौं ।
- पानी उमालेर मात्र पिउने गरौं ।
- वन, वातावरण, वन्यजन्तु र सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।
- आफ्नो गाउँ-एवम् शहर बजार वरपरको वातावरण सफा राखौं ।
- सबैखालका विभेदको अन्त्य गरौं ।
- नगरपालिकाको कार्यालयमा गई आफ्नो पसल, व्यवसाय दर्ता गरौं ।
- स्वास्थ्यमा कुनै समस्या देखिए तुरुन्तै नजिकैको स्वास्थ्य संस्थामा जाँच गराउन जाऔं ।
- खुल्ला स्थानमा दिसापिसाव नगरौं, चर्पीमा मात्र दिसापिसाव गरौं ।

ज्ञानुराम पन्थी
प्रमुख प्रशासकीय अधिकृत

भुपाल पोखरेल
अध्यक्ष

धुर्कोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, लुम्बिनी प्रदेश, गुल्मी


# दीप बोर्डिङमा बाल कथा लेखन कार्यशाला




बुटवल । बुटवल सुख्खानगरमा रहेको दीप बोर्डिङ हाइ स्कुलले विद्यार्थीको साहित्यिक विद्यामा क्षमता विकासका लागि सञ्चालन गरेको तीन दिने बाल कथा लेखन कार्यशाला सकिएको छ ।

मावि तहका विद्यार्थीमा देखिएको रुचीका आधारमा विद्यालयले आयोजना गरेको बालकथा लेखन कार्यशालाको बिहीबार समापन गरिएको हो । वागमय प्रतिष्ठानका कोषाध्यक्ष साहित्यकार लक्ष्मण ज्ञवालीले कथा लेखन कार्यशालाको समापन गर्नुहुँदै विद्यार्थी जीवनमा साहित्य लेखन र बाचनको अहम भूमिका हुने बताए । उनले नेपाली साहित्यको विकास र समृद्धिका लागि विद्यार्थीकालदेखि नै यसमा मलजल गर्नु पर्ने बताउँदै कथा, कविता, गीत, गजललगायतका साहित्यिक लेखनमा विद्यालयस्तरबाट गरिएको कार्यक्रमको प्रशंसा गरे । कार्यक्रममा कथाकार तथा साहित्यकार विजयराज आचार्यले विद्यार्थीको रुचीको विषयमा आफूले प्रशिक्षण दिन पाएकोमा खुशी व्यक्त गरे । उनले दीपमा कथा, गीत, गजल लेखन विद्यामा विद्यार्थीको रुची अधिक रहेको उल्लेख गर्दै विद्यालयले ति प्रतिभालाई समय-समयमा निखार्ने अवसर दिनु पर्ने औंल्याए ।

सो अवसरमा बालकथा लेखन कार्यशालामा सहभागी भएका दीप बोर्डिङका ४५ जना विद्यार्थीहरुले लेखेका ४५ वटा कथा कथाकार आचार्यले विद्यालयका प्राचार्य टिकाराम न्यौपानेलाई हस्तान्तरण गरेका थिए । विद्यार्थीले लेखेका कथाहरु ग्रहण गर्दै प्राचार्य न्यौपानेले विद्यार्थीलाई हरेक विद्यामा अब्बल बनाउने योजनाअनुसार विद्यालयले संस्कारयुक्तसहितको शिक्षालाई जोड दिँदै आएको बताए । उनले साहित्यसँगै विद्यार्थीहरुलाई चित्रकला, नृत्य, गायन, खेलकुदलगायतका क्षेत्रमा पनि उत्कृष्ट बनाउने योजनाका साथमा विद्यालयले हरेक गतिविधिलाई सक्रिय बनाउँदै आएको बताए । उनले विद्यार्थीले लेखेका कथाहरुलाई दीप स्कुलको एउटा कथा संग्रहका रुपमा स्थापित गर्ने गरि राखिने समेत जनाए ।

विद्यालयका नेपाली शिक्षक छवी ज्ञवालीको सञ्चालनमा भएको कार्यक्रमा विद्यालयका उपप्राचार्य कलाधर अर्याल, पत्रकार तथा अभिभावक सुमन अधिकारीलगायतले विद्यार्थीको चौतर्फी विकासमा कथा, लेख रचनालगायतका सामग्रीले महत्वपूर्ण भूमिका खेल्ने बताए ।

कार्यक्रममा विद्यार्थी सोविन पिया, सचिना पुरी, पलपल जैसी, सुप्रिया पन्थीलगायतले आफूले लेखेका कथा बाचन गरेर सुनाएका थिए ।


## ट्वाइलेट सफा गराउनुहोस्

बुटवल सेनेटरी प्रा.लि.
९७४५४०५९७३, ९८०७४०९८५२
सेफ्टी टंकी, रिङ्ग सफा गर्नु परेमा तथा सेनेटरी सम्बन्धी कुनै पनि काम परेमा हामीलाई सम्पर्क गर्नुहोस् ।

मनिषा सेनेटरी ९८५११९७९६६, ९८४७१२४१८५
शर्वेस सेनेटरी ९८४७०३९१४३, ९८५७०३४३८३
रियुस सेनेटरी ९८११४२८७३०
रेसुङ्गा सेनेटरी/रेसुङ्गा वाटर सप्लायर्स ९८५७०५७०७०

## आकर्षक डिजाइन तथा छपाई

सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधैं हामीलाई सम्झनुहोस्

सम्पर्कः
आइडिया डिजाइनर्स/अफसेट प्रेस
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोनः-०७१-५५०२९३
मो.९८५७०३५३८०, ९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

नेपाल सरकारद्वारा मान्यता प्राप्त पश्चिम नेपालकै पहिलो बहु विशेषज्ञ दन्त अस्पताल
## आले डेण्टल हस्पिटल प्रा. लि.
श्रवणपथ, बुटवल-६, रूपन्देही, नेपाल (भुड्कीचोक देखि ५० मिटर पूर्व)
071-530108, 532544 dentalhospitalale@gmail.com www.aledentalhospital.com
दाँत, मुख तथा गिजा उपचार केन्द्र






"Healthy Smile, Happy Life" Our Location "स्वस्थ मुस्कान, खुशी जीवन"


सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादकः टिआर शर्मा,
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः dainiklumbiniadd@gmail.com (Advt), lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ वेबसाइडः www.lumbinipatrika.com